CNCTF-5 November 2016

आइसीसी अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारी ज्यूहरू, आइसीसी सदस्य, एनसीसी अध्यक्ष
र यस कार्यदलका सदस्य ज्यू हरू

संघको स्थापना सँगै प्रमुख मुद्दाको रुपमा रहेको नागरिकता प्राप्तिको बिषय संविधानसभाबाट जारी संविधानमा उल्लेख गराउन हामी सफल भए पनि त्यसको पूर्ण कार्यान्वयको लागि हामीले अझै धैरै कानूनी बाटोहरु पार गर्नु पर्ने छ । जसले गर्दा हामी जसरी संविधानमा यो बिषयलाई सम्बोधन गराउन तत्पर रह्यौं त्यहि रुपमा अहिले पनि कानूनी प्रकृया पुरा गरेर छिटो भन्दा छिटो सम्पूर्ण गरैआवासीय नेपालीहरुको हातमा गैरआवासीय नेपाली नागकिता पुर्याउन कटिबद्ध छौं ।

यसको लागि नागरिकता सम्बन्धी ऐन र संविधानमा उल्लखे भए अनुसारको सांस्कृतिक समाजिक र आर्थिक अधिकार को ब्याख्या गरिको ऐन गरि दुई वटा ऐन हाम्रो लागि मुख्य आवस्यक छन् । जसले गर्दा हामीले यि कानून जतिसक्दो चाँडो निर्माण गर्न सकियोस् र त्यस कानूनमा गैरआवासीय नेपालीहरुको सबै भावनाको प्रतिनिधित्व होस् । संविधानको धारा १४ ले जसरी 'सांस्कृतिक, समाजिक र आर्थिक अधिकार सहितको गैरावासीय नेपाली नागरिकता' भनेर प्रष्ट लेखेको छ त्यसको भावनालाई पूर्णरुपमा बोक्ने गरिको ऐन बनोस् भनेर बिशेष ध्यान पुर्याएका छौं ।

यसको लागि अमेरिकाको न्युजर्सीमा भएको गैरआवासीय नेपाली संघको नबौं क्षेत्रिय सम्मेलनमा 'संविधान कार्यान्वय र गैरआसीय नेपालीको सरोकार' बिषयमा बिशेष कार्यक्रमको आयोजना गरियो । तत्कालिन संविधानसभाका अध्यक्ष तथा पूर्व सभामूख सुवासचन्द्र नेम्वांग को बिशेष उपस्थितिमा भएको त्यस कार्यक्रममा उहाँले संविधान कार्यान्वयन र एनआरएनको नागरिकताको बिषयमा खुलेर सबै कुरा राखिदिनु भयो । हाम्रो बिषयमा सुरुका दिन देखिनै सकारात्मक भई नजिकबाट सहयोग गरिरहनु भएका र अहिले पनि सहयोगि भुमिका खेलिरहनु भएका नेम्वांगले दिनुभएको मन्तब्यले धैरै कुरा प्रष्ट पनि पारेको छ । त्यसैले संविधान निर्माण त्यसको कार्यान्वय र गैरआवासीय नेपाली नागरिकताको बिषय सँग सम्बन्धित त्यस मन्तब्यको पूर्णपाठको लिंक यसै साथ संलग्न गरिएको छ ।

https://www.youtube.com/watch?v=MR-C6qdFhlw&feature=youtu.be

साथिहरु,

नागरिकता ऐन गृह मन्त्रालयसँग सम्बन्धित ऐन हो र सांस्कृतिक, सामाजिक र आर्थिक अधिकारको ब्याख्यासँग सम्बन्धित ऐन पराराष्ट मन्त्रालयसँग सम्बन्धित छ । दुवै मन्त्रालयले अहिले ड्राफ्ट गरिरहेका छन् । त्यसमा अहिले हामीले आन्तरिक रुपमा बिभिन्न माध्यमबाट हाम्रो बिषयमा लविंङ्ग गर्ने काम गरिरहेका छौं । जव यो संसदमा दर्ता हुने छ त्यस पछि यसमा हामी सबैले बिस्तृत रुपमा छलफल पनि गर्ने छौं । माननीय ज्यूहरु मार्फत त्यसको लविंङ्ग गर्ने छौं ।

त्यसैले यो कानूनी प्रकृया पुरा गर्न समय लाग्ने छ भने अर्को तर्पm हामीले पनि उत्तिकै भुमिका खेल्नु पर्ने छ । त्यसको लागि सबै साथिहरुले आआफ्नो ठाउँ मार्फत सक्ने भुमिका खेल्न अनुरोध गर्दछु । तर त्यसको लागि अनिवार्य रुपमा यस टाक्सफोर्ससँग समन्वय गर्नुहोला वा नेपालमा निरन्तर रुपमा यस बिषयलाई हेरिरहनु भएका फोकलपर्सन सरोज दाहाल dahal.saroj@gmail.com, Mob: 9851085185 लाई सम्पर्क गर्न सक्नुहुन्छ ।

धन्यवाद ।

रामप्रताप थापा (0049-1788676443)
अध्यक्ष, नेपाली नगरिकता निरन्तरता कार्यदल
Chair – CNCTF, NRNA
"NRNA CNCTF2015-17" <NRNACNCTF1517@googlegroups.com>